स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILYराष्ट्रिय दैनिक



अभिनेता राजेश हमाल अस्ट्रेलियाको सिड्नीस्थित स्ट्र्याथफिल्डमा जेन जीद्वारा आयोजित ऐक्यबद्धता तथा श्रद्धाञ्जली सभामा सहभागी भएका छन्। ठूलो सङ्ख्यामा भेला भएका युवाहरूलाई सम्बोधन गर्दै हमालले नेपालमा जेनजीले गरेको साहसको प्रशंसा गरे। उनले भने, 'जेनजी माथि भएको सरकारी दमन राज्यको अपराध र इतिहासकै दुःखद घटना हो।'

आजको विचार...



ज्ञानै...
(दुई पेजमा)

शंकरप्रसाद रिजाल



अभिनेत्री करिश्मा मानन्धरले आफू नेकपा एमाले त्यागेको घोषणा गरेकी छन् । फेसबुकमार्फत उनले आफू जनताकै कलाकार बनिरहन चाहेको बताएकी छन् । उनी लेख्छिन्, 'अहिलेसम्म कुनै राजनीतिक संस्थामा मेरो संलग्नता यी सबै मूल्य र प्राथमिकताको हितमा मात्र थियो । तर आजदेखि म कुनै राजनीतिक दल वा संगठनसँग आबद्ध नभएको कुरा स्पष्ट पार्न चाहन्छु ।' अघि लेख्छिन्, 'म जनताकै कलाकार थिएँ । करिश्माले आफूले राजनीतिक दल छाडेको घोषणा गरेकी हुन् ।

❒ वर्ष ३१ ❒ अंक ५६ ❒ २०८२ भदौ २६ गते बिहीबार 11 September 2025, Thursday❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## सक्षिप्त समाचार

### इजरायली आक्रमणमा ५२ को मृत्यु



(रासस्/क्युएनए)

**गोमा (कङ्गो),** भद्रौ २५/गाजा पट्टीका विभिन्न क्षेत्रमा जारी इजरायली हवाई आक्रमणका कारण पछिल्लो २४ घण्टामा ५२ जना प्यालेस्टिनी मारिएको गाजाका चिकित्सा स्रोतहरूले बताएका छन् । मृतकमध्ये नौ जना गाजाको दक्षिणी भागमा मानवीय सहायता प्राप्त गर्न पर्खिरहेका बेला आक्रमणमा परेका थिए । पीडितका शवहरू गाजाका विभिन्न अस्पतालमा पुर्‍याइएको छ भने एम्बुलेन्स र नागरिक सुरक्षा टोलीहरूले भग्नावशेषमुनि बेपत्ता व्यक्तिहरूको खोजी तथा उद्धार जारी राखेका छन् । गाजा पट्टी अहिले इजरायली बमबारी, खाना, औषधि र इन्धनको चरम अभावका साथै मानवीय सहायतामा कडा प्रतिबन्धका कारण गम्भीर मानवीय तथा स्वास्थ्य सङ्कटमा छ । प्यालेस्टिनी स्वास्थ्य मन्त्रालयका अनुसार सन् २०२३ अक्टोबर ७ देखि सुरु भएको इजरायली आक्रमणमा ज्यान गुमाउनेको सङ्ख्या ६४ हजार छ सय पाँच पुगेको छ भने एक लाख ६३ हजार तीन सय १६ जना घाइते भएका छन् ।

# धमाधम भाग्दै कैदी, समात्दै सेना


## छुटेका कैदीको निशानामा 'अदालत'

हाम्रा संवाददाता

**पाल्पा,** भदौ २५/जेनजीहरूले गरेको उग्र प्रदर्शनपछि मंगलबारदेखि नै देशका विभिन्न ठाउँका कारागारबाट कैदीहरू भागिरहेका छन् । ललितपुरको नख्खु कारागार, कैलाली, कास्की, काभ्रे, सिन्धुली, रसुवा, कपिलवस्तु, रुपन्देही, महोत्तरी, तहुँ, पर्सा, मकवानपुर लगायतका जिल्ला कारागारबाट धमाधम कैदीहरू बाहिरिएका हुन् ।

आन्दोलन चर्किएको मौकामा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेलाई प्रदर्शनकारीले नख्खु कारागारबाट निकालेसँगै अन्य कारागारहरुबाट समेत कैदीहरु भाग्न थालेका हुन । रवि छुटेको यही नजिर देखाउँदै अहिले देशभरका कारागारहरूबाट कैदीबन्दीहरू धमाधम छुट्ने क्रम जारी रहेको छ ।

रवि छुटेको केही समयमै त्यही नख्खु कारागारबाट सबै कैदीबन्दी भागेका छन् । कारागारबाट निस्केपछि कैदीहरूले कारागार नै



जलाइदिए । कैलाली कारागार पनि पूरै खाली छ । महोत्तरीको जलेश्वर काराकारबाट एकजना बाहेक सबै कैदी भागेका छन् । कारागारमा रहेका ५७६ मध्ये ५७५ कैदी फरार भएका हुन् । जिल्ला कारागार तनहुँबाट कैदी भागेका छन् । जेनजी प्रदर्शनकारीहरूको सहयोगमा कैदीबन्दीहरुले कारागार तोडेर भागेका हुन् । मकवानपुरको क्षेत्रीय कारागार भीमफेदीबाट मध्यरातमा २६० जना कैदीबन्दी भागेका छन् । रौतहटको गौर कारागारबाट २३३ कैदि भागेका छन् भने पर्साको वीरगञ्जस्थित बिर्तामा रहेको कारागारबाट भाग्ने प्रयास जारी राखेका छन् ।

*-बाँकी अन्तिम पेजमा...*

# देशभर कफ्र्यु



**पाल्पा,** भदौ २५/देशभर निषेधाज्ञा र कृर्यू आदेश जारी गरिएको छ । नेपाली सेनाले देशको शान्ति-सुरक्षा अवस्थालाई मध्यनजर गर्दै निषेधाज्ञा र कफ्र्यु लागू गरेको जनाएको छ ।

जनसम्पर्क तथा सूचना निर्देशनालयले बुधबार सूचना जारी गर्दै देशको समग्र शान्ति सुरक्षा अवस्थालाई मध्यनजर राखी हाल लागु गरिएको निषेधाज्ञा बुधबार साँझ ५ बजेसम्म देशभर निरन्तर रहने जानकारी दिएको हो । यस्तै सेनाले विहिबार बिहान ६ बजेसम्म कफ्र्यु आदेश जारी रहने बताएको छ । सेनाले अपराधजन्य गतिविधि नियन्त्रणका प्रयासमा सहकार्यका लागि सबैसँग अपिल गरेको छ । सार्वजनिक तथा व्यक्तिगत सम्पत्ति तोडफोड, आगजनी, लुटपाटका घटनासँगै व्यक्ति लक्षित आक्रमण र बलात्कारको प्रयासजस्ता क्रियाकलाप भइरहेका र त्यस्ता गतिविधि हुनसक्ने सम्भावना रहेकाले कफ्र्यु आदेश जारी गरिएको सेनाको भनाइ छ । कफ्र्युको दौरान अत्यावश्यक सेवाका सवारी साधनहरु (एम्बुलेन्स, शव बाहन, दमकल, स्वास्थ्यकर्मी र सुरक्षाकर्मीका सवारी साधनहरु) सञ्चालन हुने छन् ।

# पाँच करोडको लागतमा पक्की पुल निर्माण

**गुल्मी,** भदौ २५/जिल्लाको पनाहा खोलामा पुल निर्माण भएसँगै सो क्षेत्रका नागरिकलाई आवागमनमा सहज भएको छ । रेसुङ्गा नगरपालिका-४ र इस्मा गाउँपालिका-२ को सङ्गमस्थल पनाहा खोलामा रु पाँच करोड लागतमा पक्की पुल निर्माण भएको हो ।

लामो समयको प्रतिक्षापछि पनाहा खोलामा निर्माण गरिएको उक्त पक्की पुलले दुई पालिकाका नागरिकलाई आवतजावत गर्न निकै सहज बनाएको छ । यसअघि पक्की पुलको अभावमा सो क्षेत्रमा वर्षौंदेखि जोखिमपूर्ण यात्रा गर्नुपर्ने बाध्यता थियो । पुल निर्माण भएपछि यतिबेला बिहान, बेलुका सदरमुकाम तम्घास आवतजावत गर्न, आवश्यक सामग्री ढुवानीमा सहज भएको स्थानीय पूर्णबहादुर श्रेष्ठले बताए । सडक डिभिजन कार्यालय पाल्पाको रु पाँच करोड छ लाख लागतमा उक्त पुल निर्माण भएको हो । पुलको लम्बाइ ३५ मिटर र चौडाइ ११ मिटर रहेको छ । योसँगै अहिले रेसुङ्गा नगरपालिका(४ बाट इस्माको पालुखा



र धुर्कोटको जैसीथोकसम्मका नागरिक प्रत्यक्ष लाभान्वित भएका छन् । गाईवस्तुलाई वारिपारि गराउन, गाउँमा उत्पादित कृषि उपज बिक्रीका लागि बजारसम्म लैजान, सवारीसाधन सञ्चालन गर्न, बालबालिकालाई विद्यालयसम्म आवतजावत गर्न सजिलो बनाएको स्थानीय कमला पन्थीले बताइन् । यसअघि खोलामाथि पक्की पुल नहुँदा वर्षाको समयमा मानिसलाई आधा घण्टामा पुगिने ठाउँमा डेढ घण्टाको यात्रा गरेर जानुपर्ने बाध्यता रहेको स्थानीय टङ्कप्रसाद श्रेष्ठले बताए । "अहिले पुल निर्माण भएपछि सबैलाई निकै सजिलो बनाएको छ, बर्खाको समयमा खोला तर्दा कतै बगाउँला कि भन्ने ठूलो त्रास हटेको छ", उनले भने । खोलामा सवारीसाधन लैजाँदा पहिला जोखिम मोल्नुपर्ने र कतिपय अवस्थामा सवारीसाधन बगाइदिने समस्या थियो । अहिले पुल बनेपछि उक्त जोखिम टरेपछि नागरिक खुसी भएका छन् । महादेव खिम्ती श्रेष्ठ कन्सट्रक्सन प्रालिद्वारा निर्माण सुरु भएको चार वर्षपछि पनाहा खोलामा पक्की पुल सम्पन्न भएको हो । *-रासस*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

# सम्पादकीय

## सबै मिलेर आत्महत्या रोकथाम गरौं

**नेपालमा आत्महत्या गर्नेहरू दिनहुँ बढिरहेका छन् । मानसिक तनाव तथा पीडा थेग्न नसकी बाँच्नुभन्दा मर्न सजिलो ठानेर मानिसले आत्महत्या गर्छन् । तर यस किसिमको पीडा नहुँदा पनि मानिसले रिसको आवेगमा आत्महत्या गरेको पनि पाइन्छ । आत्महत्याका घटना बढ्दो क्रममा रहे पनि रोकथाम तथा न्यूनीकरणका लागि प्रभावकारी काम हुन सकेको देखिएको छैन । नेपाल आत्महत्याको समस्याको हिसाबले हेर्दा समस्याग्रस्त राष्ट्रमा पर्छ ।**

**हिजोआज आत्महत्याका जैविक, मनोसामाजिक तत्वहरु हामी कहाँ बचावट गर्ने किसिमले भन्दापनि आत्महत्यातिर दोर्‍याउने हिसाबले बढ्दै गएको पाइन्छ । यो समस्याले हामीलाई कुनै न कुनै रुपमा सताउन सक्छ । त्यसैले हामी यसबाट सचेत हुन जरुरी छ । हरेक वर्षको सेप्टेम्बर १० मा विश्व आत्महत्या रोकथाम दिवस मनाइने गरिन्छ । तर दिवस मनाइने गरे पनि नेपालमा आत्महत्याका घटनामा भने कमी आएको छैन । कतिपय देशमा आत्महत्या तथा आत्महत्याको कोशिस सामाजिक दृष्टिमा पाप र कानुनी दृष्टिमा अपराध मानिन्छ । धार्मिक दृष्टिमा त आत्महत्या गर्ने मानिस सिधैं नर्कमा जान्छन् भन्ने मान्यता छ । तर मनोवैज्ञानिक दृष्टिमा आत्महत्या एक प्रकारको मानसिक विकृति (रोग) हो । आत्महत्याको समस्या एउटा बहुआयामिक समस्या हो । यसमा सामाजिक, साँस्कृतिक, वातावरणीय, व्यक्तिगत, पारिवारीक, आर्थिक लगायत स्वास्थ्य, नैतिकता र आत्महत्या गर्न प्रयोग हुने साधनको सरल पहुँच र नियम कानुनको अवस्था आदिले पनि ठूलो भूमिका खेल्दछन् । आत्महत्यालाई कानुनी अपराधको रुपमा हेरेर आवश्यक स्वास्थ्य सेवालाई निरुत्साहित गर्दा समस्या ज्यूँका त्यूँ रहने कुरा अब पनि नेपाली समाजले नबुझ्ने हो भने यो समस्या अरु बढी विकराल बन्ने देखिन्छ । तसर्थ आत्महत्या रोकथामका लागि सबै आ–आफ्नो ठाउँ जुट्न जरुरी छ ।**

### Opinion @ Social Network

समय सबैको एकै हुन्न नि
एउटै हांगाको फुल त फरक समयमा फुलिदिन्छ ।
(*कमल गाहाको फेसबुक स्टाटसबाट www.facebook.com/Kamal.Gaha)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# ज्ञान र अज्ञान: दुवै एक बोझ



## शंकरप्रसाद रिजाल

*चिन्ताले डर पैदा गर्दछ । डरले मानिसलाई दिग्भ्रमित गर्दछ । दिग्भ्रमित अवस्था जीवनको निश्कर्षहीन अवस्था हो, जसले मानिसलाई कतै पनि पुर्याउन सक्तैन । अत: मानिस सधैं आफैंमा जागरुक, स्वतन्त्र र चिन्तक बन्नु पर्दछ, जसबाट आफू भित्र रहेको अन्तरआत्मा जागृत गराउँछ । प्रत्येक दिन नयाँ चिन्तनबाट सुरु गर्ने बानी बसाउनु पर्दछ। सधैं मन ताजा रहन्छ । हिजो के हामीले जान्यौं त्यो बासी र मरिसकेको बिचार हो, जसले मानिसलाई स्वस्फुर्त कहिलेपनि बनाउन सक्तैन । आफ्नो प्रत्येक दिनको ताजा बिचारलाई अलग्याई बितेका हजारौं बिचारलाई एकत्रित गर्दै पुलिन्दा बनाउँदै लैजाने हो भने त्यो भारबनी चिन्तित बनाउँछ ।*

बोझ एक भार हो, जसले मानिसको दिमागलाई बोझिलो बनाउँछ। कुनै कुरा पढेर, सुनेर अथवा आफैं खोतलेर त्यसबाट केही कुराको ज्ञान संकलन गरी आफ्नो मस्तिस्कमा भण्डारण गरी आफ्नो जीवन कालसम्म निरन्तर बचत गरी मष्तिस्कको कुनै कुनामा राखी रहनु एक बोझ हो । त्यस्तै अज्ञानपनि एक बोझ हो, जसको मस्तिस्क अज्ञान नै अज्ञानले भरिपूर्ण भइ एक किसिमको बोझ नै साबित हुन्छ । कुनै बिषयको सभामा गइ बस्दा त्यहाँ बोलेका, प्रवचन दिएका कुरामाथि आफ्नो समझदारी रहेन भने त्यो बिस्तारै बिस्तारै बोझ बन्दै भारी भएर आउँछ । मनलाई स्वतन्त्र बनाउन अथाह ज्ञानको भारीले स्वतन्त्र बनाउन सक्तैन । ज्ञानको भारीले आफूलाई दास बनाउँछ । दासी मन स्वतन्त्र बन्न सक्तैन । कम ज्ञान लिँदा हामीलाई हलुका बनाउँछ । हात्ती बोक्नु भन्दा एक टुक्रा बहुमुल्य हीरा साथमा रहनु नै बढी श्रेयस्कर रहन्छ । हजारौं गुरुहरुको शिक्षा दिक्षा र लाखौं किताब र धर्म ग्रन्थको ज्ञानले एउटा मानिसलाई कहिले पनि आनन्दित बनाउँदैन । यो आफ्नो स्वस्फुर्त बहुमूल्य ज्ञान भन्दा बाहिरबाट आयातित गरिएको ज्ञान जसले मानिसलाई जहिलेपनि ज्ञानको भ्रमको खाडलमा जाकीदिन्छ र सधैं उसको दास बनी रहनु पर्दछ । एउटा दास जसको जतिसुकै ज्ञान भएपनि उ मालिक बन्न सक्तैन । ज्ञानको पुलिन्दाले उसलाई घमण्ड पैदा गराउँछ । घमण्डले उसको ज्ञानको मात चढ्छ र मातले उसलाई कहाँ पुर्याउँछ त्यसको कुनै ठेगान हुँदैन । अत आयातित ज्ञानको मात्रा बढी भएमा र कमी भएमा दुबैले हामीलाई हानि पुर्‍याउँछ र यसबाट सधैं मानिसलाई चिन्ताको मालिक बनाउँछ । चिन्ताले डर पैदा गर्दछ । डरले मानिसलाई दिग्भ्रमित गर्दछ । दिग्भ्रमित अवस्था जीवनको निश्कर्षहीन अवस्था हो, जसले मानिसलाई कतै पनि पुर्याउन सक्तैन । अत: मानिस सधैं आफैंमा जागरुक, स्वतन्त्र र चिन्तक बन्नु पर्दछ, जसबाट आफू भित्र रहेको अन्तरआत्मा जागृत गराउँछ । प्रत्येक दिन नयाँ चिन्तनबाट सुरु गर्ने बानी बसाउनु पर्दछ। सधैं मन ताजा रहन्छ । हिजो के हामीले जान्यौं त्यो बासी र मरिसकेको बिचार हो, जसले मानिसलाई स्वस्फुर्त कहिलेपनि बनाउन सक्तैन । आफ्नो प्रत्येक दिनको ताजा बिचारलाई अलग्याई बितेका हजारौं बिचारलाई एकत्रित गर्दै पुलिन्दा बनाउँदै लैजाने हो भने त्यो भार बनी चिन्तित बनाउँछ। बिचारका नयाँ नयाँ पानाहरु पल्टाउँदै जाउँ जसबाट सधैं ताजा बिचारको अनुभव रहोस् र बोझको अनुभव कहिल्यै नहोस् । यो हो ज्ञान र बिचारको समतामुलक सोच । प्रश्न सधैं नयाँ र सकारात्मक रहोस् जसबाट उत्तर सधैं नयाँ र सकारात्मक आउँछ जसबाट मानिस र मानिसको अन्तरात्मा सदा उर्बर, सिर्जनशील, ताजा र स्वतन्त्र रहोस्। अज्ञान र ज्ञानलाई समता मुलक ढंगबाट लान सकिएन भने दुबैबाट आखीर भाग्नु पर्ने हुन्छ । ज्यादा ज्ञान आगोको डल्लो हो भने ज्यादा अज्ञान काल कोठरीको बास हो । नजानेको कुरा मस्तिष्कलाई घोटेर जान्ने कामपनि एउटा घायल व्यक्तिको कठोर ओखती मुलोमात्र हो, जसबाट निको भई मुक्त हुन् धेरै धेरै समय लाग्दछ । प्रश्न आफैं गर र त्यसको उत्तर खोज्ने कामपनि आफैं गर । यही हो जागृतिको प्रभात । अर्काको आयातित ज्ञानबाट मानिस जागृत, चेतनशील र उर्बर्शील बन्न सक्तैन। त्यो त धोकाको मार्गको एक सुरुवात हो। सुनेको, देखाएको र बुझाएको कुरा असत्य हुन सक्ने धेरै सम्भावना हुन्छ । यसलाई बिश्वासको रुपमा लिइ त्यसलाई अनुशरण गर्दै जाने हो भने धोकाको मार्ग बढ्दै जाने निश्चित छ । मनलाई जहाँ लग्यो त्यहीं जाने र त्यसको मिठास पिउने हो । मन एक यान्त्रिक चिज हो जस्तो छ त्यही काम गर्दछ । गंगामा गए गंगाराम बन्ने र जमुनामा गए जमुनादास बन्ने यो हाम्रो मनको बिचारलाई अन्तर आत्मामा लैजाने हो भने हामी फेरि आत्माराम पनि बन्न सक्तछौं । अत स्वयंलाई जान्ने कोशिश गर्ने बानि सधैं बसाल्नु पर्दछ। मनलाई सधैं ध्यानको मार्गतिर लैजानु पर्दछ र सधैं आफूलाई नदीको पानीका बहाब सरह बगाउनु पर्दछ, ताकी सधैं ताजा सोच र बिचारको जागरण रहोस् । यसैबाट सबै प्रश्नको सबै सही उत्तर र निष्कर्ष प्राप्त गर्न सकिन्छ । ध्यान र बहावले संसारका धेरैजसो मानिसहरु मानब र महा-मानव बनेको उदाहरण प्रशस्त पाइन्छ । सत्य त्यहि हो जसको एकमात्र ज्ञानले सत्यवान बनाउँछ, प्राज्ञ बनाउँछ । चीनका लाओत्से, मार्पा र मिलारेप्पा, भारतका संकराचार्य, स्वामी बिबेकानन्द, युरोपका येशु क्राइस्ट, भारतका गुरु नानक, सत्यसाई बाबा, हिमालयन योगी बाबा,लाहेरी बाबा ,रामकृष्ण परमहंस ,सन्त कबिर, योगानन्द स्वामी,नेपालका गौतम बुद्ध खप्तड बाबा, शिवपुरी बाबा आदि आदि सबै सत्यको ध्यान र श्वयमलाई जानी स्वतन्त्रपूर्वक रहन सामर्थवान बने । जसले गर्दा आजसम्म अमर रहेका छन् । ग्रिकका सुकरातपनि निक्कै प्रसिद्ध दार्शनिक थिए । उनको सबै बिषयको सत्य ज्ञानले उनका अनुयाई अरिस्टोटल र प्लेटोपनि त्यस्तै दार्शनिक भइ संसार प्रसिद्ध हुन पुगे । सत्य जहिलेपनि झल्किन्छ, तर्क जहिलेपनि छचल्किन्छ भने आयातित ज्ञान जहिलेपनि भ्रममा अलमलिन्छ भने अज्ञान फेरि अन्धकारले त पुलिन्दा बोकी हिँडिरहेको हुन्छ । किताबी ज्ञान, सुनेको कुरा, ठूल ठूला प्रवचनमा पण्डितले घुसाएका अनगिन्ती थप कुराहरुले मानिसलाई ज्ञान त दिन्छ । तर भ्रमको ज्ञान दिन्छ जुन हो वा होइन । कुनै कुराको तथ्य पत्ता लगाउन अर्काको ज्ञानको सापटीले निष्कर्ष निकाल्न सकिँदैन । आफूले आफैंलाई प्रश्न गरी आफैंबाट उत्तर निकाल्ने ध्यान गर्नु पर्दछ । ध्यान नै एकमात्र निचोड निस्किने मार्ग हो । आफ्नो विचार ताजा राख । बासी र मरेका बिचारले हामीलाई सधैं पिरोली रहेको हुन्छ र त्यसका अनगिन्ति सूचनाका सामाग्रीहरुले मस्तिष्कलाई सधैं बोझिलो बनाई रहेको हुन्छ । सबैको कुरा र भनाइ सुन र आफ्नै निष्कर्ष निकाल ताकी त्यसबाट हामीलाई लाभ मिलोस् नत्र सबै कुरा मस्तिष्कबाट हटाई देउ र नयाँ खोजमा आफूलाई लैजाउ । ताजा बिचार र खोजले मानिसलाई सधैं ताजा बनाउँछ । जीजनमा हरेक मानिसले कति पढ्छन्, कति लेख्छन्, कति सुन्छन्, कति भन्छन्, कति देख्छन् र कति हेर्छन् । तर ती सबै कुराहरु समझनाबाट कहाँ विलीन हुन पुग्छन् थाहा छैन । ती बिर्सिएका सबै समझनाहरु मष्तिष्
कमा नअटाएरै बिलीन हुन पुगेको हो । जसको जे शक्ति हो, त्यतिमात्र गर्ने हो त्यो भन्दा बाहिर निस्कन खोजेमा पोखिन्छ र पोखिएका सूचनाहरु भिडमा सबैले कुल्चिएर धुलो पिठो हुन्छ र अर्थहीन हुन जान्छ । के काम त्यस्ता सूचनाका पुलिन्दाहरु जसले मस्तिष्कलाई बोझ बनाउँछ । त्यसकारण विश्वका महान बैज्ञानिक अल्बर्ट आइन्स्टाइन घरको ठेगाना, टेलिफोन नम्बरहरु, साथीभाइको नामहरु र अन्य अनावश्यक तोलमोल र खेलो मैलोका कुराहरु मस्तिष्कमा राख्दैनथे । किनकि उनी आफ्नो बिषयको स्वअध्ययनको ध्यानमा एकनासले पानी झैं बगिरहन्थे अनि त कसैले गर्न नसक्ने काम गरेर बिश्व प्रशिद्ध बने । अत: मस्तिष्कलाई सधैं आजाद बनाई हरपल ताजा र सत्यमा जान आत्माभित्रको जागृतिलाई जगाउ र जीवनमा एक एक गरी संकलन गरी जम्मा पारी राखिएको हरेक आयातित कुराहरुलाई हटाई निश्चल र निर्मल बनाउ आफैंबाट एक नयाँ बद्लाब ल्याउने कोशिश गर्ने बानी बसाल्नु पर्दछ । ताकी फोहर ज्ञान र मैला कुराहरू सब दिमागबाट हटी जाओस् र जीवन सधैं ताजगी बनिरहोस् । जीवनमा आफूले गरेका सारा कुराहरुको आफै दृष्टिकर्ता बनोस् र राम्रो नराम्रो के छ आफैंले दृष्टि गोचर गरी आफैंले छानी हटाउने र अगाल्ने काम गरोस् । हाम्रो जीवन हरेक कुराहरुबाट आजाद हुन चाहन्छ । हरेक कुराहरुबाट मुक्त हुन चाहन्छ । अज्ञानता फलामको पिँजडा हो भने ज्ञान सुनको पिँजडा हो । आखिर पिँजडा जस्तो भएपनि पिँजडा पिँजडा नै हो । आजाद बन्नलाई आफैं भित्रको ज्ञान जगाउ । आफैं प्रश्न गर र आफैंले उत्तर खोज्ने काम गर । अरुको ज्ञानबाट उत्तर खोज्ने काम नगर किनकि अर्काको आयातित ज्ञानले धोका हुन सक्तछ । जसले हामीलाई कुमार्ग तिर लैजान सक्तछ । आफैं शिष्य बन र आफैं गुरु बन । आफैं प्रश्न गर र आफैं उत्तर निकाल । नसके त्यो कामको पछि नलाग। ध्यानको अभ्यास निरन्तर गर्दै गर र आफ्नो बिचारको बहाबलाई निरन्तर संलो बगेको पानी जस्तो बनाउ । समुद्र बाट आफ्नो लोटामा जति पानी आउँछ त्यत्तिनै ग्रहण गर्ने गर। समुद्रको पछि नलाग। लागेमा यसले अन्त्यमा डुबाइ दिन्छ अनि “न रहे बाँस न बजे बाँसुरी”। अत: जीवनलाई सार्थक, ज्ञानलाई सार्थक र अज्ञानदेखि सजग रहने हो भने बासी कुराहरु दोहोर्‍याइ दोहोर्‍याइ नबोल र नगर पनि । बर्तवानमा बाँच्ने गर, बर्तवानमै सोच्ने गर र सधैं वर्तवानमै काम गर्ने गर । हिजो बितेको कुराहरुले र भोलि हुने कुराहरुले मानिसलाई ताजगी बनाउन सक्तैन । मरिसकेको बिचार र पछि जन्मिने बिचारको प्रवाहले जीवन सफल बन्न सक्तैन । यो त कालको तीन खण्ड, किसिम र बिभाजन मात्र हो ।

***-डिसी नेपाल डटकम***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : स्वास्थ्यलाई लिएर चिन्ता रहनेछ। नयाँ अनुबन्धहरूमा बाधा आउनेछ। | **तुला** : धार्मिक वा सामाजिक कार्यमा चासो बढ्नेछ। मनमा अज्ञात भय रहनेछ। |
| **वृष** : सकेसम्म यात्रा नगर्नुहोला। कार्यक्षेत्रमा सहयोगीहरूको सहयोग मिल्ने सम्भावना छ। | **वृश्चिक** : व्यापारमा राम्रो लाभ रहनेछ। प्रेम सम्बन्धमा प्रगाढता आउनेछ। |
| **मिथुन** : परिवारमा मानसिक अशान्ति बढ्नेछ। आर्थिक हानि हुने योग छ। | **धनु** : स्वास्थ्यमा ध्यान दिनुपर्ने समय रहेको छ। सकेसम्म यात्रा नगर्नुहोला। |
| **कर्कट** : व्यापारमा हानिको संकेत छ। साथीभाइहरूसँग सहयोग मिल्नेछ। | **मकर** : अधिकारीहरूबाट समर्थन पाइनेछ। पारिवारिक सद्भावमा वृद्धि हुनेछ। |
| **सिंह** : धनधान्यमा वृद्धिका योग छन्। पारिवारिक वातावरण सुखमय रहनेछ। | **कुम्भ** : अध्ययनमा सफलता पाइनेछ। सहयोगले रोकिएका काम बन्नेछन्। |
| **कन्या** : सकेसम्म यात्रा नगर्नुहोला। व्यापार व्यवसायमा प्रतिस्पर्धा बढ्नेछ। | **मीन** : सकारात्मक सोचले काममा सफलता ल्याउनेछ। मनमा अज्ञात भय रहनेछ। |




व्यङ्ग्य निबन्ध ● भोज अर्याल

# चुनावी भाषण

यदि म कुनै विषयको विज्ञ भैदिएको भए ! शुरूमै यो लेख्दै छु वा त्यो लेख्दै छु भन्दै फलाक्ने थिएँ । जे जस्तो भए पनि अनविज्ञ जस्तै देखिनु चाहिं भएन । त्यही ठानेर नै मैले केही कुराहरू छास्मिस् मै खिचडी पकाउन खोजेको छु । सकेसम्म अरू कुरा पनि कोट्याउँदै जानेछु । शुरूमा नै राजनीतिको गफ नारेर यो लेखको श्री गणेश गरूँ जस्तो पनि लाइरहेको छ । तर म राजनीतिको छेउटुप्पो पनि नबुझ्ने मानिस ! पहिल्यै नै यता हनहनी ज्वरो आइरहेको छ । "अब कताको राजनीतिको कुरा हो यो फेरि ?" पक्कै पनि तपाईंको मनमा प्रश्न उब्जिन सक्ला । हेर्नुहोस् ! यो अन्त कतैको कुरा पनि होइन । यो त केवल मेरो मनै होडल्ने केही अनुभवको किस्ता हो । जुन गाउँ-घरदेखि माउँ-घर सम्म जोडिएको साइनो भनौं वा रिस्ता ! सानो हुँदादेखि नै मलाई ठूलाठूला दलका नाम कण्ठस्थ थियो । पछि त करीब तिन दर्जन भन्दा बढी दलको नाम कुनै छलछाम नै नगरी आँखा चिम्लेरै फटटटटट भन्न सक्थें । अब तपाईं आफै भन्नुस् यो राजनीति भन्ने मामिलामा मेरो कति धेरै रुचि थियो । रुचि भए पनि राजनीतिको रणनीतिक मैदानमा अहिलेसम्म हल गोरु जस्तै नारिएको छैन । मेरो भाग्यमा त्यस्तो भैदिएको भए कम्तीमा म पनि सात पुस्तालाई पुग्ने धन सम्पत्ति त बसीबसी कमाउँथें होला । राजनीतिमा मैले त ठूलै बजार जमाउँथें होला । जब म सानै उमेरको थिएँ । मानिस भन्थे, "बहुदल आयो ।" 'के होला यो बहुदल भनेको' भनेर सोचिबस्थें । चैत वैशाखको चर्को घाममा पनि मानिस झर्को नमानी भाषण सुन्न पुगेका हुन्थे । म पनि खरायोले झैं कान ठाडो पारेर भाषण सुन्थें । धेरै पछि मात्र बल्ल मेरो घैंटोमा घाम लाग्यो । दलहरू मिलेर दलबल लगाई आफू र आफ्ना सबै मिलेर खाने कामलाई बहुदल भनिंदो रहेछ । पार्टीहरू भीरपाखा नै भत्काउने गरी चिच्याउँथे । उनीहरूले भोटको कुरा गर्थे । मलाई चाहिं 'भोट'तिर घुम्न जाम मात्र थाहा थ्यो । बुझ्दै गर्दा भोट भनेको त सेतो कागजको खोस्टोमा छाप लाउने काम पो रहेछ । म उमेर नपुग्दै भोट दिन पाउने एक भाग्यमानी थिएँ । जुन समयमा हराएका मानिस, बिपत्ता पारिएका मानिस तथा पितृको नाममा समेत भोट दिने चलन थियो । कुरा आउन पनि सक्ला, कसरी यस्तो भयो त ? यो सबै मिलाएर मिल्ने काम कुरा थियो । एक जना उम्मेदवारलाई करीब आठ-दश पटक भोट दिने चलन पनि खूबै रमाइलो लाग्थ्यो । चुनाव जित्नेको मान र शान पनि समाजमा कम्ता ठूलो हुँदैन । यो कुरा धेरै ढिलो गरी बुझेको रहेछु । यो त प्रजातन्त्रको अर्को खतरनाक गुणस्तरीय विकास भएको रहेछ । मानिसहरू घाँटीमा गाँड आउँदा झार फुक गर्थे । धामी-झाँक्रीको घरमा गएर तन्त्रमन्त्र पनि गर्थे । यो कुरा गाउँदेखि अनेक ठाउँमा देखियो । गाँड एउटा नराम्रो रोग रहेछ । पछि गएर गण गण भनेको कुरा पनि खूबै सुनियो । गाँड बिग्रेर गण भएको हो कि ? भन्ठानेको रहेछु । तर होइन रहेछ । गाँडमा तन्त्रमन्त्र लाइदिएर गाँडतन्त्र हुँदै गणतन्त्र पो भएको रहेछ । कुरोको चुरो बल्ल बुझें । मान्छेले नै मान्छे मार्ने काट्ने पनि गरेका हुन्थे । किन भनी सोच्थें । यही भाँडतन्त्र नपाएर पो रहेछ । गाँडतन्त्र वा भाँडतन्त्र जे तन्त्र आए पनि मलाई खास समस्या भएन । यो त केवल नामको लागि पो आएको हो नि । के यो कामको लागि आएको हो र ? होइन नि । यो नआउँदै वा आइसके पछि वा यसलाई मिलेर सबैले खाइसके पछिको कुरा हो । मैले भाषण सुन्ने काम छोडिनँ । काठ, दाउरा, माडौं तिर पार्टीका छाउराहरूले भुकेको खूबै सुनियो । भुक्ने कुकुरले टोक्दैन भनेको ठीक रहेछ । यिनीहरू त केवल अर्को पार्टीलाई पछार्न खोज्ने रहेछन् । काम गरेर केही लछार्न नसक्ने देखियो । मेरो बुद्धिको बिर्को मजैले खुल्यो । जहाँ फूल छ माहुरी त्यही भुल्यो । दलहरू सबै रस चुस्न बसेका । जुन जोगी आए पनि खरानी घसेका । अब किन राजकाज तथा लाज नीतिको कुरा मात्र गर्नु ? आफै विदेश पसेको, यतै धर्ना दिएर बसेको धेरै पो भएछ । यता बसेर कि काम कि दामको कुरा गर्दा पनि हुँदैन ? "खाइ न पाइ छालाको टोपी लाई ।" अरूका कुरा मात्र काटेर कति बस्नु ? अब म पनि मेरै कुरा गर्छु । पाखुरा लडाएरै भए पनि मेरै पेट भर्छु । सके भने म पनि विदेश बसीबसी अब राजनीति गर्छु । यही हो मेरो दाउ । न यता कोही नाता न मेरा आमा बाउ ! बुझेको कुरा के हो ? विदेशमा पैसाको बुटो हुन्छ र टपटप टिप्न पाइन्छ । तर यो कुरा नहुने रहेछ । उडायो सपना सबै हुरीले भनेझैं भयो । मैले न त स्वदेशमा न त विदेशमा कहीं पनि बसीबसी खान नपाउने देखें । कुनै दलको झोले पनि म हुन सकिनँ । यता काममा दलिन नै पर्ने भयो । विदेशमा कुनै दलको होइन कि पाखुरामा बलको मानिस हुन पर्ने रहेछ । यता दलेहरू होइन बरु बलेहरू धेरै हुने रहेछन् । बलेहरू धेरै छले हुन नसके कै हो त ? जिज्ञासा जागेको छ । नजाने गाउँको बाटो नसोध्नु भने झैं यता बसेर शुरूशुरूमा के दल र को दल भनेर चासो नै राखिनँ । हुन त यता पनि धेरै दल रहेछन् । वर्षायाममा जुकाहरू जस्तै जागेका दल । केवल चुनावको याममा जाग्ने अरू समयमा कता हो कता भाग्ने । यता पनि चुनावमा एकदुई पटक भोट हालियो । धेरै समय मनमा रोकिएको रहर मतपत्र सँगै लगेर ढ्वाङ टालियो । खास थाहा नै नहुने रहेछ कसलाई यो मत हालियो । यी गोराहरूका छोराहरूको नाम याद गर्न नै हम्मेहम्मे पर्ने । यसो हुन गएमा मैले कसो गर्ने ? कुनै उपाय होला कि नहोला ! बगाउन पर्ने रहेछ यतातिर पैसाकै ठूलो खोला । अब म सिधै यता क्यानडातिर हालै भएको चुनावको कुरा पनि गर्छु । कहिले हो यो हालै भनेको ? तपाईंले नसोधे पनि म केही कुरा भन्दै त केही कुरा कन्दै जान्छु । चुनाव सकिएको करीब अढाई महिना पुगेको छ । नबढाई भन्दा बलेको आगोमा चिसो पानी खन्याए जस्तै सुनसान छ । सरकार बनेर पनि सिधै काममा लागेको छ । जनतामा अलिअलि आशा र भरोसा पनि जागेको छ । किनभने उता अमेरिकाले ठूलो रकम मागेको छ । टेरिफको टपरे गफ लिसो लागे झैं आएको छ । हामी क्यानडा बासीको यसले टाउको खाएको छ । यहाँका दुई ठुला पार्टीको नाम के होला ? मैले धेरै समयसम्म कुनै मेसो नै पाइनँ । कसैले मेरो कानैमा आएर "कान झर कान झर" भने झैं लाग्छ । गलत सुनेको रहेछु । कन्जरभेटीभ पार्टीको नाम रहेछ यो त । लेबलर भनेको खेतमा जोत्दा डल्ला फोर्ने काठको ठुटो हो झैं ठानेको थिएँ । तर यता ठ्याक्कै मिल्ने लिबरल पार्टी रहेछ । टेरिफको डल्लो यसले कसरी फोर्छ होला ? यो लिबरल पार्टीको काम हेर्न मन लागेको छ । डल्लो फोर्छ या डल्लिएर बस्छ ! धेरै ठाउँमा मैले मार्क नाम गरेका मानिससँस काम गरेको छु । मार्क त अहिले क्यानडाका प्रधानमन्त्री भएका रहेछन् । म त कति धेरै ठूला मानिससँग काम गरें भनेर मक्ख परेको थिएँ । उनी त अर्कै मार्क परेछन् । मार्क कार्नी रहेछन् उनी । चुनावको दुई महिना पहिले मात्रै चिनेको हो उनलाई । मतलब कार्नीलाई । मार्क को रहेछन् ? उनी त गभर्नर थिए रे । किन यिनले बुढेसकाल सम्म राजनीतिलाई पेशा नबनाएका होलान् ? यो कुरा सुनेर मैले धन्नै जिब्रो टोक्न थालें । किन एउटा गभर्नरले नेता हुने रहर पाले ? कार्नी जब प्रम भए उनले फटाफट डेढ महिनामा क्यानडा चुनाव सकाए । कार्नीले चुनाव हार्नी हुन् कि भनेको हारेनन् । समस्त देशवासीलाई अलपत्र पारेनन् । करीब एक महिना त माला, खादा तथा अभिनन्दन मै बिताउने होलान् भनेको केही पनि गरेनन् । उनले पुन: आफ्नै नेतृत्वमा नयाँ सरकार बनाए । कुर्चीबाट एक दिन पनि झरेनन् । हुन पनि काइदा नै भयो । भोट पनि गन्नै नपर्ने जति पाएर होला पानी छम्कने पो भएछन् । मेरो अनुमान खास चुनाव जित्न यता पनि चाहिने रहेछन् कि हनुमान ? सात समुद्र पारी आएर पनि एउटा नेपालीको छोरोले यति काम गरेको देखियो । अब म चुनाव लडौं जस्तो लागिराछ । यदि लडे भने करीब दुई भोट पाउने त पक्का थाहा छ । एक भोट त मेरो आफ्नै हुने नै भयो । अर्को भोट गृहमन्त्री अर्थात् जीवन सङ्गिनीको । बच्चाहरू अलि उमेरमा कच्चा भएकोले यता भोट दिन पाउँदैनन् । अरू त शायद भोटको दिन बुथ मै आउँदैनन् । चुनाव जिते भने म पनि त गर्थें होला मेरो विकास । जनतालाई दिन्थें होला ठूलो निकाश । यता पनि एनआरएन जस्तै केही त्यस्तै रहेछ । कोही यसलाई 'ए नारान' पनि भन्ने गर्छन् । नाम जे भए पनि काम के कसो छ यसको ? यो कुरा कसैलाई थाहा नहुने रहेछ । यसले एक-दुई वटा शहरमा निकै डेरा जमाउन खोजेको देखिन्छ । अरूका लागि त यो कागलाई वेल पाक्यो हर्ष न विस्मात नै हो । यसले केही गर्ने नै होइन । यसको जरूरत हामीलाई पर्ने पनि होइन । यसको पनि चुनाव कि के हुँदै छ रे । चुनाव भए पनि खास काम के हुन्छ । अनि त्यसले कसको के छुन्छ ? छुँदैन नै भन्न त अलि हुँदैन । यता पनि कोही मानिस अलि ठूला वडा पर्छन् । आफू पदमा आए संसार नै हल्लाउने जस्तै गर्छन् । अरू आए जहाज नै डुबाउने हो भन्दै डंका पिटेर तल झर्छन् । खास यिनीहरू हाम्रो लागि के काम गर्छन् ? केही गर्ने होइनन् । यता पनि सबै खानेपिने अनि रमाउनेहरू कै ठूलो बिगबिगी छ । यिनीहरूले अरूको लागि कुनै माखो मार्छन् भन्नु र हिंडेर स्वर्ग पुगिन्छ भन्नु समान कुरा हो ! अरूको लागि केही नगरे पनि आफ्नो नाम मोटा अक्षरमा लेखाउँदै फेसबूकमा पोस्ट्याउने काम गरिरहनेछन् । आजलाई यो चुनावी भाषण यही सकियो । भाषणले होइन केवल रासनले मात्र भोको पेट भर्ने रहेछ । अब हामीले नयाँ कुरा सिकियो ।

*-साहित्यपोस्ट डटकम*

कथा ● तेजराज दाहाल

# नागरिकताको प्रमाणपत्र

आजभन्दा करीब पचपन्नबर्ष अघिको कुरा हो । तेत्रु भर्खर ५-६ बर्षको थियो । खोरी किसान, तेत्रुको बुवा, जेठा मुखियाको घरमा मासिक तलब ६० रुपैया र खानबस्नको सुविधासहित खेतीको काम गर्न बसेको थियो । त्यो बेलाको चलन अनुसार त्यसरी खेतीमा काम गर्ने र गराउने कार्यलाई हली बस्ने र हली राख्ने भनिन्थ्यो । खोरीकी श्रीमती कान नसुन्ने र नबोल्ने थिई, उसको वास्तविक र बोलाउने नाम नै लाटी । उसको घाँटीमा गलगाँड थियो । तेत्रुलाई असाध्यै मायाँ गर्दथी, छरछिमेकी वा मालिकको घर कै भएपनि कोही केटाकेटीले तेत्रुलाई जानी नजानी केही गरेमा लट्ठी लिएर झम्टिन्थिई । आमाको मायाँ र साथ पाएको तेत्रु खेल्दा समेत कसैले छोयो भने पनि रुँदै लाटीलाई भन्न पुग्दथ्यो, अनि केटाकेटीको भागाभाग हुन्थ्यो । कतिपय भाग्न नसक्नेले लाटीको पिटाई पनि पाउँदथे र रुँदै घर जान्थे । खोरीले बर्खाको बेलामा खेतका समाहा र पैनी-कुलोका निकाशमा माछा थाप्न सानाठुला ढोक्साहरू बनाएको थियो । हरेक साँझ ढोक्सा लगेर खाल खेतका समाहा र पैनीका निकाशहरुमा थापेर फर्कन्थ्यो र बिहानै गएर ढोक्साहरु घर लिएर आउँदथ्यो । आँगनमा ढोक्सा खन्याउँदा सानाठुला हिलेमाछा, पोठीमाछा, कैंचीबाम, अन्धाबाम, टेंग्रा, मागुरमाछा, घूँगी, गँगटा, भ्यागुता, र ढोडेसर्पहरु निस्कन्थे । तेत्रु र घरका केटाकेटीहरू रमाएर हेर्दथे ।

जिउँदा भ्यागुता र सर्प भाग्दथे, केटाकेटीहरू रमाउँदै उफ्रन्थे । यसरी ढोक्सा थाप्ने काम श्रावण-आश्विनको समयसम्म चल्दथ्यो, धेरथोर माछा परिरहन्थे । लाटी र तेत्रु जंगलबाट च्याउ र निगुरो खोजेर ल्याउँदथे कहिले काँही । यता काम गर्ने घरमा खाना खानेबेला भएपछि जहिलेपनि खोरी उसको लागि पस्किएको खानाको थाल बोकेर उनीहरूको आफ्नै भान्छामा जान्थ्यो र लाटीले पकाएको थप तरकारीसँग खाना खान्थ्यो । मालिकको घरको भान्छामा पाकेको दाल तरकारी जे भएपनि लाटीलाई पनि दिन्थ्यो । लाटी फिस्स हाँस्दथी । जिन्दगी साधारण भएर पनि सुन्दर र रमाइलो थियो । जेठा मुखियाको घरपरिवार पनि सज्जन थियो, हली नै बसेको भएर पनि खोरीको परिवार सहज ढंगले धेरैबर्ष उनीहरूको खेतीको काम गरेर बस्यो । त्यो जमानामा झापा मोरंगतिर धान, मकै र नगदेवालीको रुपमा धेरै पाटा (जुट)को खेती गर्ने चलन थियो । पाटाको खेतीमा मानव-श्रम धेरै लाग्दथ्यो । माटोको तयारीदेखि पाटा सुकाएर बिक्रीकालागि बजार पुर्याउनेसम्मको श्रम र खर्च जोड्ने हो भने कृषकलाई खासै आर्थिक फाइदा पनि थिएन । पाटा खेतीको प्रसंग आउँदा त्यसबेलाको उमेरदार र बलियो खोरीको नाममा गाउँमा २ वटा रेकर्डहरू थिए: अरु खेतालाहरू भन्दा डब्बल नै छिटो काट्ने र धुँदा पनि सवैभन्दा धेरै धुँने । पाटाको फसलसँग सम्वन्धित गणनाको एकाई तारी, लाछा, मुठा र बिटा हुन्थे, हिजो आज यस्तो एकाई कतै सुनिँदैन । पाटा काट्ने र धुँने सम्वन्धि कामको लागि सकेसम्म खोरीको खोजी सवैले गर्दथे । धेरै नबोल्ने, गठिलो शरीर भएको, हाँस्दा पनि खिस्समात्र गर्ने खोरी जो सुकैकोमा काम गरेपनि ईमान्दारितापुर्वक गर्दथ्यो । हुन पनि उनीहरूको जाति किसान समग्रमा सरल र सोझो हिसावले आफ्नो जिविका चलाउँने जातिको रूपमा चिनिन्थ्यो । खोरी काम सकेर सँधै पल्लो किसान गाँउमा हाँडी (जाँड) - दारू (रक्सी) पिउन जान्थ्यो । हरेकदिन रक्सी पिएर प्राय: एकै समयमा फर्कने खोरी फर्कँदा, "आई एम खोरी किसान तेत्रु माई सन" भन्दै फर्कँन्थ्यो । फर्केर खाना खाएर जेठी मुखेनीलाई, "मुखिनी, भोलि के के काम छ?", भनेर सोध्दथ्यो । बचन र कामको पक्का खोरी भोलिपल्ट कसैले केही नभनी आफ्नो काममा लाग्दथ्यो । एकरात पल्लो किसान गाँउबाट खोरी फर्केन, अबेरसम्म सबैले बाटो कुरे तर खोरीको अत्तोपत्तो भएन । लाटीले हातको ईशाराले, "उ किन आएन ?", भन्दै मुख बिगारी । ढिलो खाना खाएर तेत्रु र लाटी पनि सुते । बिहानै उठेर हेर्दा तेत्रु र लाटी पनि रातारात आफ्ना लुगाफाटा लिएर गएछन् । अचम्म भयो, खोरीको परिवार नै गाँउबाट गायब भयो । गाउँमा कसैले, "अर्को गाउँ बसाईं गए" भने । धेरैले, "ईण्डियातिर चिया बगानमा काम गर्न गए" भने । दुईचार दिनपछि उनीहरूलाई सवैले बिर्सिए । खोरीको परिवार गाउँबाट हराउँदा अर्को गाउँबाट पनि ५-७ घर किसानहरू रातारात गाउँ छोडेर हिंडेका रहेछन् । त्यस समयमा गाउँघरमा बिफर बिरुद्धको खोप लगाउने टोली आएको थियो । खोप लगाउने टोलीले नागरिकता पनि खोज्छ र नहुनेलाई कारवाही गर्छ भन्ने हल्ला चलेको रहेछ । खोरीले पनि रक्सी पिउने ठाउँमा 'पल्टने कान्छा' बाट यस्ता कुरा सुनेकोरहेछ । करीब एकबर्षपछि बेलुकीपख खोरीको परिवार जेठा मुखियाको आँगनमा टुप्लुक्क आइपुग्यो । खोरीको अनुहारमा मुस्कान उस्तै, लाटीको अनुहार उस्तै गम्भीर, तेत्रुको पोशाक फेरिएछ, अलिक ठुलो, अग्लो र राम्रो भएछ । खोरीले जेठी मुखेनीलाई भन्यो, "हामी त फेरि फर्केर आयौं, बस्न दिनुहुन्छ कि ?" मुखेनीले भनिन्, "आज बस' भोलि अरू कुरा गरौंला । उनीहरूले मतानमा भएको अगेनोमा खाना पकाएर खाए । मतानमाथि राखेको पराल र खोसेला सारेर आफुसँगै भएका ओड्ने ओछ्याउनेले दुईवटा ओछ्यान वनाएर सुते । बिहान भयो । खोरीले मुखेनीसँग भन्यो, "के गर्नु मालिक्नी' डरभन्दा ठुलो केही हुँदो रहेनछ । 'पल्टने कान्छा' ले नागरिकता नभएका तिमीहरूलाई अब जेल हाल्छ भागेर ईण्डिया गई हाल भन्यो, त्यहि भएर कसैलाई नसुनाई हामी भागेका थियौं" । आफु र आफ्ना परिवारको पनि नागरिकता नभएकोले डरले खोरी आफ्नो परिवार लिएर हातीकिस्सा, ईण्डिया चिया बगानमा काम गर्ने आफन्तहरू कहाँ आश्रय लिन गएको रहेछ । त्यहाँपनि आफुसँग सरकारी निस्सा र कागजहरू नहुँदा अपहेलित भएपछि जे भएपनि आफु जन्मेको देश ठाउँ फर्कने भनेर नेपाल फर्किएका रहेछन् । खोरीको कुरा सुनिसकेपछि जेठी मुखेनीले भनिन्, "आफ्नै जनमन गरेर खानु, म मतानमा बस्न दिन्छु । जहिलेसम्म बस्छौ बस' घरमा कामपर्दा म ज्याला दिएर लगाउँछु ।" उनीहरू खुशी भएर त्यहिं बसे ।

> *जिन्दगी साधारण भएर पनि सुन्दर र रमाइलो थियो । जेठा मुखियाको घरपरिवार पनि सज्जन थियो, हली नै बसेको भएर पनि खोरीको परिवार सहज ढंगले धेरैबर्ष उनीहरूको खेतीको काम गरेर बस्यो । त्यो जमानामा झापा मोरंगतिर धान, मकै र नगदेवालीको रुपमा धेरै पाटा (जुट)को खेती गर्ने चलन थियो । पाटाको खेतीमा मानव-श्रम धेरै लाग्दथ्यो । माटोको तयारीदेखि पाटा सुकाएर बिक्रीकालागि बजार पुर्याउनेसम्मको श्रम र खर्च जोड्ने हो भने कृषकलाई खासै आर्थिक फाइदा पनि थिएन । पाटा काट्ने र धुँने सम्वन्धि कामको लागि सकेसम्म खोरीको खोजी सवैले गर्दथे ।*

गाउँघरमा सवैलाई थाह भएकै कुरा थियो, पहाडीमुलका मानिसहरू स्थायीरुपमा बस्न थाल्नुभन्दा दशकौं अगाडिदेखि झापामा आदिबासी किसानहरूको बसोबास थियो । तर पनि अशिक्षा, अज्ञानता र असल सहजकर्ताको अभावमा खोरी किसान जस्ता सयौं किसानहरूको नागरिकता नहुँदा 'पल्टने कान्छा' जस्ता उट्पट्याँगहरूले समेत उनीहरूलाई तर्साएको कुरा सज्जन मानिसलाई मन पर्ने कुरै थिएन । खोरीको बह सुनिसकेपछि जेठा मुखेनीले त्यसबेलाका वार्ड सदस्य आफ्ना देवर साईला मुखियासँग खोरीको समस्या बताएर सहयोग गरिदिन भनिदिइन् । त्यसबेलाको प्रशासनिक प्रक्रिया अनुसार वार्ड सदस्य, गाउँ पञ्चायतका प्रधानपञ्च, जिल्ला पञ्चायतका सभापतिको सिफारिस हुँदै जिल्ला प्रशासन कार्यालयबाट खोरी र लाटीको नागरिकता प्रमाणपत्र एकहप्ताभित्र वन्यो । नागरिकताको प्रमाणपत्र लिएर आएपछि खोरीले भन्यो, "हेर त, पहिला हामीसँग यो कागज भएको भए, हामी भाग्नु पर्ने त थिएन, बिफरको खोप पनि लगाउन पाइने थियो"। खोरी प्रफुल्ल हुँदै मनमनै भन्यो, "अब तेत्रु १६ बर्ष पूरा हुँनासाथ नागरिकता प्रमाणपत्र वनाईदिन्छु" । केहि समयपछि, गाउँघरमा सुनियो, "पल्लो गाउँको 'पल्टने कान्छा' बिफर लागेर मर्यो रे'" । यो खवर सुनेपछि खोरीले आफ्नो र लाटीको नेपाली नागरिकताको प्रमाणपत्र झोलाबाट निकालेर एकपल्ट हेर्यो र मुसुक्क हाँस्यो ।

*-समकालीन साहित्य डटकम*

# छुर्पीको माग उच्च भएपछि उत्पादन बढ्यो



**गलकोट (बागलुङ),** भदौ २५/ यस वर्ष बागलुङबाट ५४ लाख बराबरको छुर्पी निर्यात भएको छ । दूध र दुग्धजन्य पदार्थको बिक्री वितरण गर्दै आएको बागलुङ दुग्ध उत्पादक सहकारी सैले आर्थिक वर्ष २०८१ /८२ मा रु ५४ लाख ८८ हजार २४० बराबरको निर्यात गरेको सैका अध्यक्ष दीपक गौतमले बताए ।

अध्यक्ष गौतमका अनुसार बागलुङमा उत्पादित अधिकांश छुर्पी अमेरिका पुग्ने गरेको छ । अमेरिकामा कुकुरको मुख्य खानाका रूपमा रहेको छुर्पी नेपालबाट ठूलो मात्रामा निर्यात हुने गरेको छ । आव २०८०/८१ रु ३८ लाख ५४ हजारबराबरको छुर्पी बिक्री गरेको सहकारीले अघिल्लो वर्षको तुलनामा यस वर्ष रु १६ लाखभन्दा बढीको छुर्पी बिक्री गरेको छ । दुग्ध सहकारीले यस वर्ष रु १० करोड ९९ लाख १७ हजार ८५५ बराबरको दूध र दुग्धजन्य वस्तुको कारोबार गरेको छ । उनका अनुसार सहकारीबाट दूध, दही, घ्यू, पनिर, छुर्पी र खुवाको उत्पादन हुँदै आएको छ । त्यसमध्ये अन्तरर्राष्ट्रिय बजारमा सहकारीको छुर्पीको माग उच्च छ । छुर्पीको माग बढेपछि सैले एक वर्षमा रु १६ लाखको छुर्पी उत्पादनमा वृद्धि गरेको हो । दुग्ध सहकारी सैले बागलुङका १५ सहकारी संस्थाको दूध सङ्कलन गरेर दूध र दुग्धजन्य वस्तुको बिक्री गर्दै आएका छन् । जसमा एक हजार ५०० भन्दा बढी किसान आबद्ध छन् । हाल सहकारी सैले छुर्पी प्रतिकिलो रु एक हजार २०० मा बिक्री गर्दै आएको छ । सहकारीमा आबद्ध किसानले दूधको मूल्यमा समानता र बजारको सुनिश्चिता भएकाले हौसला मिलेको बताएका छन् । सहकारी सैमा १७ कर्मचारीले सङ्कलित दूध बागलुङ बजारका घरघरमै लगेर बिक्री गर्ने गरेको अध्यक्ष गौतमले बताए । यस्तै आव २०७९/८० मा रु २९ लाखको छुर्पी निर्यात गर्न सफल भएको थियो ।

*-रासस*

## धमाधम भाग्दै...

...मंगलबार राति हुलहुज्जत गरेर गौर कारागारबाट भागेकामध्ये ३४ जना कैदीबन्दीलाई सुरक्षाकर्मीले पक्राउ गरेको छ । कुल २९१ कैदिबन्दी रहेको गौर कारागारमा २४ जना बाहेक सबै कारागार तोडफोड गरी भागेका थिए । कपिलवस्तु कारागारबाट ४ सय ३१ जना कैदीबन्दीहरु कारागार तोडेर भागेका छन् । कास्की कारागारबाट पनि धेरै कैदीबन्दी भागेका छन् । झुम्का कारागार, सोलु कारागार, रौतहट कारागार, मकवानपुरको भीमफेदी कारागारबाट पनि कैदीबन्दी भागेका छन् । म्याग्दी कारागारमा रहेका ८८ मध्ये ७२ जना कैदीबन्दी भागेका छन् भने बिरामी र हिंड्न नसक्ने १२ जना कारागारमै छन् । सुदूरपश्चिमको बाजुराबाहेक सबै जिल्ला कारागारमा रहेका कैदीबन्दी भागेका छन् । कैलाली कारागारमा मात्रै कम्तीमा पनि ७ सय कैदी थिए । यो प्रदेशका ८ वटा कारागारबाट करिब १४०० कैदीबन्दी भागेको बताइएको छ । कञ्चनपुर कारागारमा रहेका ४७६ कैदीबन्दीमध्ये २२ जनाबाहेक सबैलाई प्रदर्शनकारीले निकालेर आफैसँगै लगेको बताइएको छ । विभिन्न जघन्य अपराधमा कारागारमा पुगेकाहरू धमाधम बाहिर निस्कन थालेपछि उनीहरूबाट सुरक्षा चुनौती थप बढेको छ । अझ कारागारबाट निस्केका केही कैदीहरूको निशानामा अदालतहरू परेका छन् । आफूविरुद्ध मुद्दाका प्रमाणहरू नष्ट गर्ने उद्देश्यले उनीहरूले अदालत, सरकारी वकिल कार्यालय लक्षित तोडफोड र आगजनी गर्ने गरेका छन् । डिल्लीबजार कारागारसहित धेरै कारागारमा आगजनी भएको छ । कैदीबन्दीहरूले आफूहरू पनि निस्कन पाउनुपर्ने भन्दै आगजनी गरेका छन् ।

**पक्राउ पर्दै कैदी**

कारागारबाट भागेका कैदीहरुलाई नेपाली सेनाको सहयोगमा प्रहरीले धमाधम नियन्त्रणमा लिएर कारागार पठाउन थालेको छ । डडेल्धुरा जिल्ला कारागारबाट भागेका ३३ जना कैदीबन्दी नियन्त्रणमा आएका छन् । त्यहाँबाट भागेका ८५ कैदीवन्दी मध्ये ३३ जनाले नेपाली सेनाको सहयोगमा प्रहरीले पुन: समातेको हो । भागेका कैदीहरुलाइ खोज्ने क्रम जारी रहेको छ । डिल्लीबजारस्थित कारागारबाट भाग्न खोज्ने कैदीहरूलाई नेपाली सेनाको टोलीले नियन्त्रणमा लिएको छ । आफूहरू पनि निस्किन पाउनुपर्ने मागसहित कैदीबन्दीहरूले प्रदर्शन गरिरहेका छन् । जबरबस्ती बाहिरिन खोजेपछि प्रहरीले उनीहरूलाई घेरेर राखेको थियो । तैपनि केही कैदीबन्दीहरू भाग्ने प्रयास गरेपछि सेनाको टोलीले नियन्त्रणमा लिएको हो ।

**कारागारबाट टोपबहादुर रायमाझी पनि भागे**

नक्कली भुटानी शरणार्थी प्रकरणमा पुर्पक्षका लागि कारागारमा रहेका पुर्व उपप्रधानमन्त्री तथा गृहमन्त्री टोपबहादुर रायमाझी पनि भागेका छन् । भद्र बन्दीगृहमा रहेका रायमाझी भागेको बताइएको छ । त्यहाँबाट करिब ३ हजार ३ सय कैदीबन्दी फरार भएका छन् । कारागारमा रहेका ३ हजार ८ सय कैदीबन्दी अहिले करिब ५ सयको हाराहारीमा मात्रै रहेका छन् ।

खेलकुद समाचार

## कर्णाली र ललितपुरको लगातार तेस्रो जीत



**काठमाडौं,** भदौ २५/दोस्रो संस्करणको एभरेस्ट महिला भलिबल लिगमा साविक विजेता कर्णाली यशविसले लगातार तेस्रो जीत निकालेको छ । पोखरा रङ्गशालाको बहुउद्देश्यीय कभर्डहलमा भएको पहिलो खेलमा कर्णालीले काठमाण्डौ स्पाइकर्सलाई ३-० को सोझो सेटमा हरायो । कर्णालीले पहिलो सेट २५-२२, दोस्रो सेट २९-२७ र तेस्रो सेट २८-२६ ले जित्यो । कर्णालीले यसअघि पोखरा निन्जाज र लुम्बिनी लाभाजलाई हराएको थियो । योसँगै कर्णाली ३ खेलमा ९ अङ्कसहित तालिकाको शीर्ष स्थानमा छ । यस्तै काठमाण्डौले भने दोस्रो हार बेहोरेको हो । पहिलो खेलमा ललितपुर क्वीन्ससँग पराजित भएको काठमाण्डौले दोस्रो खेलमा मधेश युनाइटेडलाई हराएको थियो । यस्तै आजको दोस्रो खेलमा लुम्बिनी लाभाजलाई ३-० को सोझो सेटमा हराउँदै साविक उपविजेता ललितपुर क्वीन्सले लगातार तेस्रो जीत निकालेको छ । ललितपुरले पहिलो सेट २५-१३, दोस्रो सेट २५-२० र तेस्रो सेट २५-२१ ले जित्यो । ललितपुरले यसअघि यसअघि मधेश युनाइटेड र काठमाण्डौ स्पाइकर्सलाई हराएको थियो । योसँगै ललितपुर ३ खेलमा ९ अङ्कसहित तालिकाको दोस्रो स्थानमा छ । यस्तै लुम्बिनीले भने दोस्रो हार बेहोरेको हो । पहिलो खेलमा कर्णाली यशविससँग पराजित भएको लुम्बिनीले दोस्रो खेलमा पोखरा निन्जाजलाई हराएको थियो । दोस्रो संस्करणको एन्फा महिला भलिबल लिगमा ६ वटा टोली रहेका छन् । सिङ्गल राउन्ड रोबिनका आधारमा भइरहेको प्रतियोगिताको फाइनल खेल भदौ २८ गते हुनेछ ।


**वर्गिकृत डिस्प्ले**

*१X५ साइजमा मात्र*

**वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।**

सम्पर्क: ०७५-५२०६०१


अर्थ/कर्पोरेट समाचार

## टेलिकमको भ्वाइस कल र इन्टरनेट सेवा नि:शुल्क




**पाल्पा,** भदौं २५/नेपाल टेलिकमले तीन दिनका लागि नि:शुल्क डेटा र भ्वाइस कल सेवा उपलब्ध गराएको छ । यो सेवा मंगलबार रातिदेखि सक्रिय भएको हो ।

वर्तमान विषम परिस्थितिलाई मध्यनजर गर्दै स्वदेश तथा विदेशमा रहेका आफन्तहरूसँगको सम्पर्कलाई सहज बनाउन नि:शुल्क सेवा उपलब्ध गराइएको टेलिकमले जनाएको छ । यो डेटा लिन स्टार १४१५ स्टार ८ स्टार ३ ह्याज डायल गरी र भ्वाइस कल सेवा लिन स्टार १४१५ स्टार ८ स्टार ७ ह्याज डायल गरी लिन सकिने छ । यो जानकारी सबै ग्राहकहरूको मोबाइलमा एसएमएस मार्फत पठाइएको छ । नि:शुल्क उपलब्ध गराइएको डेटा १ एमबीपीएस क्षमताको रहेको छ र भ्वाइस कल नेपाल टेलिकमको नेटवर्कभित्र (अननेट) मात्र प्रयोग गर्न सकिने टेलिकमले जनाएको छ ।


**इ-सिगरेट प्रयोग नगरौं, सुरक्षित र स्वस्थ्य रहौं ।**

इलेक्ट्रोनिक सिगरेट वा भेपिङ्ग पनि चुरोट वा अन्य सुर्तीजन्य पदार्थ जस्तै स्वास्थ्यको लागि हानिकारक हुन्छ त्यसैले:

-इ-सिगरेटले निकोटिनको लत बढाउँछ,
-यसले फोक्सोको रोगका साथै स्वास्थ्यमा गम्भीर असर पार्न सक्छ,
-धेरैजसो इ-सिगरेटमा विषालु रसायनहरू हुन्छन्,
-इ-सिगरेट सुरक्षित विकल्प नभई स्वास्थ्यका लागि हानिकारक हुन्छ,
-स्वस्थ जीवनका लागि धूम्रपान र इ-सिगरेट दुवैबाट टाढा बसौं,
स्वस्थ बनौं हानिकारक वस्तुबाट टाढै रहौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**



**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**


जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई